## प्रस्तावना र कृतज्ञता ज्ञापन

उपन्यास सृजनात्मक साहित्यको नवीन विधा हो र यसको उद्भव र विकास आधुनिक युगमा नै भएको हो भन्ने कुरामा विद्वान्हरू एकमत रहेका छन् । साहित्य अन्य प्रमुख विधाहरू काव्य र नाटक सहस्राब्दी अघिदेखि प्रचलित छन् अनि सभ्यताको प्रारम्भदेखि वर्तमान कालसम्म अवाध गतिले विकसित भइरहेका छन् भने उपन्यास साहित्यको थालनी चाहिँ गद्यको विकास भएपछि मात्र सम्भव हुन सक्यो । विश्वका अन्यान्य भाषाहरूका साहित्यमा झैं नेपाली साहित्यमा पनि उपन्यासको उदय वर्तमानकालमा नै भएको हो र शुरूमा यो विधा खासगरी संस्कृत ,हिन्दी-उर्दू, अरबी - फारसी, बङ्गला र अङ्ग्रेजी साहित्यको अनुगामिनी भएको देखिन्छ ।

भारतवर्षमा उपन्यासको उद्भव र विकासमा विशेषगरी (१) मुद्रण कलाको विकास (२) शिक्षाको प्रचार-प्रसार (३) यथार्थको आग्रह (४) जनतान्त्रिक विचारको प्रस्फुटन (५) मध्यमवर्गको उदय र (६) वैयक्तिकताको महत्त्व जस्ता ऐतिहासिक परिस्थितिहरूको निर्णायक भूमिका रहेको देखिन्छ र यी परिस्थितिहरू ब्रिटिश शासनकालमा नै उत्पन्न भएका हुन् । नेपाली उपन्यासको थालनी र विकास पनि मूलत: यिनै परिस्थितिहरूको सापेक्षतामा बनासबाट भएको देखिन्छ ।

आधुनिक नेपाली उपन्यासको थालनी र यस विधामा युगान्तकारी मोड ल्याउनमा दार्जीलिङ्को ऐतिहासिक भूमिका रहेको कुरो निर्विवाद छ र प्रस्तुत शोधकार्य दार्जीलिङ्मा नेपाली साहित्यको इतिवृतात्त्मक पृष्ठभूमिमा उपन्यास विधाको थालनी र विकास ( सन् १९६४ सम्म ) - को सर्वेक्षण गर्दै खासगरी सन् १९३६-१९६४ बीचका पाँचवटा प्रतिनिधि उपन्यास-कृतिहरूको विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ ।

प्रस्तुत शोध-प्रबन्धमा उपन्यास कृतिहरू एवं सन्दर्भ कृतिहरूको रचनाकाल एवं सन्दर्भ कृतिहरूको रचनाकाल एवं प्रकाशन काल जनाउन तथा लेखक-साहित्यकारहरूको

जन्म-मृत्यु काल सूचित गर्न यथासम्भव ईस्वी सन्को प्रयोग गरिएको छ तापनि धेरै ठाउँहरूमा विक्रम संवत्को पनि प्रयोग भएको छ । ईस्वी सन् प्रयोग गरेका ठाउँहरूमा सालबोधक सङ्ख्याका अगाडि 'सन्' एवं विक्रम संवत् बुझाउन चाहिं सङ्क्षेपीकृत शब्द 'वि० सं०' प्रयोग गरिएको छ ।

यस शोध प्रबन्धको मूलपाठ अन्तर्गत पाद टिप्पणीमा प्रकाशन स्थान र साललाई कोष्ठाङ्कित गरिएको छैन भने प्रमुख सन्दर्भ सूची अन्तर्गत चाहिं प्रचलित विधि अनुसार तिनलाई कोष्ठाङ्कित गरिएको छ ।

प्रस्तुत शोध-प्रबन्ध तयार गर्नमा मलाई नाना किसिमले सघाउने, सर-सल्लाह दिने, सामग्री सङ्कलन गर्न सहयोग गर्ने एवं यो शोधकार्य पूर्ण गर्न प्रेरणा र प्रोत्साहन दिने विद्वत्वर्ग, मेरा आदरणीय गुरूजन, सहयोगी स्वजन र मित्रहरूप्रति म कृतज्ञता प्रकट गर्न चाहान्छु ।

शोधकार्यमा लागिसकेर पनि कुहिरोको काग जस्तो भएर समुचित बाटो नपाएको बेलामा प्रस्तुत शोधप्रबन्धको रूपरेखा लाई सरल पारी शोधकार्यमा अग्रसर हुन मलाई सजिलो बाटो देखाइदिने र यस शोधकार्यका निम्ति सदैव उत्साह, प्रेरणा एवं बहुमूल्य सुझाउ दिने विद्वान डा० वासुदेव त्रिपाठी ( त्रि० वि० वि०, काठमाडौं ) प्रति म सर्वप्रथम सश्रद्धा आभार प्रकट गर्दछु ।

प्रस्तुत शोध-प्रबन्ध तयार पार्न मलाई अनवरतरूपले घच्घच्याउँदै प्रेरणा र प्रोत्साहन दिएर मार्ग निर्देशन गर्ने मेरा आदरणीय गुरूज्यू एवं शोध-निर्देशक डा० तुलसीबहादुर क्षेत्री प्रति म चिर ऋणी छु तथा उहाँले यस शोध-प्रबन्धबारे सारगर्भित मन्तव्य पनि लेखिदिएर मलाई कृतार्थ तुल्याउनु भएकोमा म उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत शोधकार्य पूर्ण गर्नमा मलाई निरन्तर प्रेरित गर्ने गुरूमा ( स्व० लक्ष्मीदेवी क्षेत्री )- को मप्रति अगाध स्नेह एवं आशीर्वाद रहेको थियो र यस अवसरमा दिवङ्गत गुरूमालाई पनि सादर सम्झना गरी हार्दिक श्रद्धा व्यक्त गर्दछु ।

प्रस्तुत शोध-प्रबन्धको रूपरेखा तयार पार्ने कामदेखि निष्कर्ष लेखनसम्म मलाई अनौपचारिकरूपमा यथोचित मार्ग-निर्देशन गर्ने र यस शोध-प्रबन्धका सम्पूर्ण अध्यायहरूका एक-एक वाक्यहरू पढेर वा सुनेर मलाई बहुमूल्य सर-सल्लाह दिने तथा यो कार्य चाँडै सिध्याउन प्रेरित गर्दै कतिपय विभागीय सुयोग-सुविधा समेत मिलाइदिने मेरा श्रद्धेय गुरुज्यू डा० भीमकान्त उपाध्याय ( विभागाध्यक्ष एवं रिडर, उ० ब० वि० ) - प्रति म आजीवन ऋणी छु । उहाँ एवं गुरुमा (श्रीमती मल्यादेवी उपाध्याय )- को स्नेहसिक्त प्रेरणा, प्रोत्साहन र सहयोगले गर्दा नै मैले प्रस्तुत शोधकार्य पूर्ण गर्न सकेको हुँ। यसैले उहाँहरूप्रति म सादर आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोध कार्यमा सङ्लग्न रहेको बेला बहुमूल्य सुझाउ र प्रेरणा दिने श्री जनकलाल शर्मा ( काठमाडौं ), डा० चूडामणि बन्धु ( त्रि० वि० वि० काठमाडौं ), डा० ईश्वर बराल ( काठमाडौं ), स्व० डा० डिल्लीराम तिमसिना, श्री दान खालिङ० ( सिलगढी ), डा० मोतीवीर राई ( दार्जीलिङ० ), डा० विष्णु शर्मा ( बनारस हिन्दू विश्वविद्यालय ), डा० लक्ष्मीदेवी सुन्दास ( दार्जीलिङ० ), डा० जगत् छेत्री ( दार्जीलिङ० ), डा० टङ्कबहादुर सुब्बा ( रिडर, नर्थ इष्टर्न हिल युनिभर्सिटी , शिलाङ० ) र डा० घनश्याम नेपाल ( रिडर, बनारस हिन्दू विश्वविद्यालय )- हरू प्रति म आभारी छु र उहाँहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध-प्रबन्धका निम्ति सामग्री सङ्कलन गर्दा मलाई सहयोग गर्ने स्व० पारसमणि प्रधान ( कालेबुङ० ), श्री कमल दीक्षित ( काठमाडौं ), श्री नगेन्द्रमणि प्रधान ( दार्जीलिङ० ), डा० कुमार प्रधान ( दार्जीलिङ० ), श्री हाङमनदास राई ( गोरूबथान, दार्जीलिङ० ), प्रा० राजनारायण प्रधान (दार्जीलिङ० ), प्रा० रामलाल अधिकारी ( दार्जीलिङ० ), स्व० कृष्ण प्रधान (दार्जीलिङ० ), स्व० सुकुमारी राई ( दार्जीलिङ० ), स्व० डी० बी० परियार (कलकत्ता ), स्व० नरेन्द्र लामा ( रङ्गली कुलेनबारी , दार्जीलिङ० ), श्री अच्युतामणि अधिकारी ( काठमाडौं ) र श्री एल० बी० राई (दार्जीलिङ० )-हरू प्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यका निम्ति मलाई डेढ वर्षसम्म 'अध्ययन बिदा' को व्यवस्था गरिदिएकोमा म उत्तर बङ्गा विश्वविद्यालयका उपकुलपति महोदय प्रो० कृष्णनाथ चट्टोपाध्याय र रजिष्ट्रार महोदय डा० तापसकुमार च्याटर्जीप्रति आभार प्रकट गर्दछु । यसका साथै नेपाली विभाग ( उ० ब० वि० ) का मेरा आदरणीय गुरूज्यू प्रा० लक्ष्मीकान्त शर्मा ( रिडर ) एवं सहकर्मीहरू प्रा० कृष्णराज घतानी ( लेक्चरर ) र प्रा० शान्तिराज शर्मा ( लेक्चरर)- ले मलाई यस कार्यमा औपचारिक एवं अनौपचारिक रूपले दिएको सहयोग, सुझाउ र प्रेरणा सदैव स्मरणीय रहने छ । यसैले म उहाँहरू प्रति पनि आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधप्रबन्धका निम्ति चाहिने सामग्री मैले राष्ट्रिय पुस्तकालय (कलकत्ता), उत्तर बङ्गा विश्वविद्यालयको केन्द्रीय पुस्तकालय ( राजाराममोहनपुर, दार्जीलिङ० ), नेपाली साहित्य सम्मेलनको इन्दिरा ओझा पुस्तकालय ( दार्जीलिङ०) मदन पुरस्कार पुस्तकालय ( ललितपुर, काठमाडौं ), केशर पुस्तकालय (काठमाडौं), देशबन्धु जिल्ला पुस्तकालय ( दार्जीलिङ० ), विद्याज्योति इन्स्टिट्यूट् अफ् रिलिजियस् स्टडी ( दिल्ली ), गोर्खा दु:ख निवारक सम्मेलनको पुस्तकालय (दार्जीलिङ०) र डा० पारसमणि प्रधान स्मारक शोध-पुस्तकालय (दार्जीलिङ० ) हरूबाट सङ्ग्रह गरेको हुँ र उक्त सम्पूर्ण पुस्तकालयहरूका अध्यक्ष एवं कर्मचारीवर्गले मलाई गरेको उदार सहयोगका निम्ति उहाँहरू सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोध-प्रबन्ध तयार गर्ने क्रममा मैले अध्ययन गरेका पुस्तकादिका लेखकहरू र जनजसका कृतिहरूबाट उद्धरण लिएको छु ती सबै लेखक, विद्वान समालोचक र अग्रज गवेषकहरूप्रति पनि म सादर कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यमा सङ्लग्न रहन मेरो हौसला निरन्तर बढाउने र मलाई सदैव आफ्नो असीम स्नेह र आशीर्वादले अभिषिक्त गर्ने मेरा पूज्य बा स्व० रवीलाल दाहाल र पूज्य ससुरा स्व० रत्नलाल ब्राह्मणलाई सम्झना गर्दै ती दिवङ्गतहरूप्रति श्रद्धा व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्यमा सङ्लग्न रहेको अवधिमा मेरा जहान-परिवारलाई सिलगढी शहरमा स्थित आफ्नो घरमा दुइ वर्षसम्म सुरक्षित एवं सुव्यवस्थित ढङ्गले रहने - बस्ने प्रबन्ध गरी मलाई उपकृत तुल्याएर यो शोध-प्रबन्ध पूर्ण गर्नमा परोक्षरूपले महत्वपूर्ण सहयोग गर्ने मेरो सालो श्री डी० एल० ब्राह्मण ( न्यु अटोमोबाइल, प्रधाननगर, दार्जीलिङ० )- प्रति चिर ऋणी छु । उनको यस किसिमको सहयोग बिना यो शोधकार्य समाप्त हुन सम्भव थिएन । यसैले म उनी र उनको परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोध-प्रबन्ध यथाशीघ्र पूर्ण भएको देख्न चाहने र मलाई यस शोधकार्यमा अनवरत सङ्लग्न रहन सदैव प्रेरणा-प्रोत्साहन दिई अध्ययनका निम्ति पर्याप्त समय एवं सुयोग मिलाइएर यो शोध-प्रबन्ध पूर्ण गर्न खास सहयोग गर्ने मेरी श्रीमती प्रतिमा दाहालप्रति म हार्दिक कृतज्ञ छु साथै आफ्नो बालसुलभ व्यवहारद्वारा मेरो आँगनलाई दोब्बर पारिदिने अल्पवयस्क छोरो बरदान दाहाललाई पनि यस अवसरमा सस्नेह सम्झना गर्दछु ।

हाल काठमाडौंमा अस्थायीरूपले बस्नु भएका मेरा शोध-निर्देशकसँग यस शोधकार्यसित सम्बन्धित कतिपय कागतपत्र तयार गरी मलाई समय-समयमा पठाइदिने मेरो कान्छो भाई मिलन दाहालले गरेको सहयोग यहाँ उल्लेख्य छ र यसका निम्ति उसलाई पनि म सस्नेह सम्झना गर्दछु ।

प्रस्तुत शोध-प्रबन्ध टङ्कन गर्ने व्यवस्था मिलाइदिने एवं आफ्नो टङ्कन-यन्त्र समेत दिएर मलाई उपकृत तुल्याउने दाइ श्री भीमलाल सापकोटा (सिलगढी )- प्रति म कृतज्ञ छु तथा खुबै लगन र परिश्रमका साथ यो शोध-प्रबन्ध सुन्दर ढङ्गले टङ्कन गरिदिने बहिनी तारा गुराँगाई (सुकुना, सिलगढी ) -लाई म हार्दिक धन्यवाद दिन्छु ।

मोहनप्रसाद दाहाल

मिति 22. 6. 1552

(मोहनप्रसाद दाहाल )